# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८१/८/२३

यस वित्तीय संस्थाको आ.व.२०८१/८२ को कार्यक्रम तथा बजेटमा भएको दरबन्दी बमोजिम करार सेवामा तपसिल अनुसारको जनशक्ति आवश्यकता भएको हुँदा देहायबमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरू एवं यस वित्तीय संस्थाले तोकेको ढाँचामा (फाराम नं. १) यो सूचना प्रकाशित मितिले १५ दिन भित्र (सो दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) वित्तीय संस्थाको जनशक्ति विभागको email: hr@skbbl.com.np मार्फत आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

वैयक्तिक विवरण (दरखास्त फाराम, फाराम नं. १) यस वित्तीय संस्थाको Website: http://www.skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ। रित नपुगेको तथा तोकिएको समयभन्दा पछि प्राप्त हुने आवेदन उपर कुनै कारवाही गरिने छैन । छनौट सूचिमा परेका उम्मेदवारहरूलाई मात्र मामिला अध्ययन तथा प्रस्तुतीकरण परिक्षाको लागि सूचित गरिनेछ। यस सम्बन्धी कुनै जिज्ञासा भएमा जनशक्ति विभागमा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

**परीक्षाको किसिम :** मामिला अध्ययन तथा प्रस्तुतीकरण

तपसिल

| विज्ञापन नं. | पद | अवधि | न्यूनतम शैक्षिक योग्यता | उमेरको हद | काम गर्नुपर्ने कार्यालय | अन्य सेवाका शर्त तथा सुविधाहरु |
|---|---|---|---|---|---|---|
| MT-1 | व्यवस्थापन प्रशिक्षार्थी (Manangement Trainee) | बढिमा १ वर्ष | वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन वा अर्थशास्त्र विषयमा स्नातक तह उत्तीर्ण गरेको । | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ । | वित्तीय संस्थाले तोकेको कार्यालयहरु | करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ । |
| MT-2 | व्यवस्थापन प्रशिक्षार्थी (Manangement Trainee) | बढिमा १ वर्ष | सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण गरेको । | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ । | वित्तीय संस्थाले तोकेको कार्यालयहरु | करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ । |

**पदपूर्ति समिति**
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१-४१११८९५/५३२०९१३/५९०९६१२
Website: www.skbbl.com.np